मितिः २०७८/०८/२९ गते मा. मन्त्रीज्यूबाट स्वीकृत

# सेवा करारमा कृषि/पशु सेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि – २०७८

**प्रस्तावनाः** लुम्विनी प्रदेशको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको "स्थानीय तहहरूमा प्राविधिक कर्मचारी करार" कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नका लागि कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गत जिल्लास्थित कार्यालयबाट संचालन हुने गरी सेवा करारमा खुल्ला प्रतिस्पर्धाबाट कृषि/पशु सेवा प्राविधिक छनौट सम्बन्धी प्रकृया र मूल्यॉंङ्कनका आधारहरु निर्धारण गर्न लुम्विनी प्रदेश विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **सक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "सेवा करारमा कृषि/पशु सेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यालय" भन्नाले जिल्लास्थित कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालय सम्झनुपर्छ।

(ख) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनुपर्छ।

(ग) "प्राविधिक" भन्नाले सेवा करारमा नियुक्त भएका कृषि सेवा (कृषि वा पशु समुह तर्फ) सहायकस्तर चौथो तहको नायव प्राविधिक सहायकलाई सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "समन्वय समिति" भन्नाले दफा ७ बमोजिमको परीक्षा समन्वय समितिलाई सम्झनुपर्छ।

(च) "समिति" भन्नाले यस कार्यविधिको दफा ८ बमोजिमको छनौट समितिलाई सम्झनुपर्छ।

३. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) कृषि/पशु सेवा प्राविधिक सेवा करारमा छनौट गर्नका लागि मन्त्रालयले अनुसूची १ बमोजिमको ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नेछ ।

(२) प्राविधिक पदमा दरखास्त दिनका लागि आवश्यक न्यूनतम योग्यता उपदफा (१) बमोजिमको सार्वजनिक सूचनामा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना अनुसार कृषि/पशु सेवा प्राविधिक पदमा दरखास्त दिन ईच्छुक उम्मेद्वारले अनुसूची (२) बमोजिमको दरखास्त फाराम भरी तोकिएको म्यादभित्र सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दरखास्त फारामा बुझाउन नसक्ने ईच्छुक उम्मेद्वारले सम्बन्धित जिल्ला तोकी कृषि विकास निर्देशनालय, बुटवलमा अनुसूची (२) बमोजिमको दरखास्त फाराम भरी तोकिएको म्यादभित्र पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएका दरखास्त फाराम कृषि विकास निर्देशनालयले सम्बन्धित जिल्लाको छनोट समितिलाई दरखास्त दिने म्याद समाप्त भएको तीन दिन भित्र उपलब्ध गराउनु पर्नेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल



सचिव

४. **दरखास्त फाराम स्वीकृत गर्नेः** (१) दफा ३ बमोजिम प्राप्त भएका दरखास्त फाराम तोकिएको न्यूनतम योगयता र अन्य रित पुगे नपुगेको जाँच बुझ गरी दरखास्त फाराम परीक्षा समितिले तोकेको अधिकारीले स्वीकृत गर्नुपर्नेछ र दरखास्त स्वीकृत वा रद्द गर्ने अन्तिम अधिकार छनोट समितिमा रहनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएका दरखास्तको विवरण र अस्वीकृत भएको दरखास्त फारामको सम्बन्धमा अस्वीकृत हुनुको कारण सहितको दरखास्त सम्बन्धी विवरण मन्त्रालयको वेभसाइट तथा सम्बन्धित कार्यालयको सूचनापार्टी मार्फत् प्रकाशन गरिनेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त फाराम स्वीकृत भएको उम्मेद्वारलाई छनोट समितिले लिखित परीक्षा हुने मितिको अघिल्लो दिनसम्म प्रवेश पत्र उपलब्ध गराउनेछ।

(५) उपदफा (१) बमोजिमको दरखास्त फारामको साथ लोकसेवा आयोगबाट कृषि सेवाका चौथो तहको (नायव प्राविधिक सहायक पद) लागि रू ३०० (तीन सय मात्र) दरखास्त दस्तुर बुझाएको भौचर संलग्न गर्नुपर्नेछ।

५. **दरखास्त फाराम अस्वीकृत गर्ने आधारः** (१) छनोट समितिले देहायको आधारमा दरखास्त फाराम अस्वीकृत गर्न सक्नेछः-

(क) दफा ३ को उपदफा (२) हेरी सूचनामा तोकिए बमोजिमको योग्यता नभएको,
(ख) सम्बन्धित पदको लागि लाग्ने परीक्षा दस्तुर बुझाएको भौचर संलग्न नगरेको,
(ग) सम्बन्धित पदको लागि १८ बर्ष पूरा नभएको वा ४५ बर्ष उमेर नाघेको।

६. **कृषि/पशु सेवा प्राविधिक सेवा करार गर्ने प्रकृयाः** (१) स्वीकृत वार्षिक कार्यक्रमको बजेटका आधारमा वा बढीमा एक बर्ष (प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म) को लागि सेवा करार लिन सकिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा करारमा लिइएको कृषि/पशु सेवा प्राविधिकको कार्य सम्पादन सन्तोषजनक भएमा र आगामी आ.व. को स्वीकृत वार्षिक कार्यक्रममा बजेट व्यवस्था भएमा कार्यालयले सेवा करारको अवधि थप गर्न सक्नेछ ।

७. **परीक्षा समन्वय समितिः** (१) यस कार्यविधि बमोजिम कृषि/पशु सेवा प्राविधिक छनौट सम्बन्धी परीक्षा संचालन गर्न देहाय बमोजिमको परीक्षा समन्वय समिति रहने छः-

**(क) सचिव, मन्त्रालय** - संयोजक
**(ख) निर्देशक, कृषि विकास निर्देशनालय** - सदस्य
(ग) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय - सदस्य
(घ) प्रतिनिधि, अधिकृतस्तर, मूख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य
(ङ) महाशाखा प्रमुख, मन्त्रालयका सबै माहाशाखा - सदस्य
(च) महाशाखा प्रमुख, मन्त्रालय (प्रशासन हेर्ने) - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय समितिमा आवश्यकता अनुसार बढीमा पाँच जना सरोकारवलाहरूलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(३) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रश्नपत्र निर्माण तथा छनौट गर्ने,
(ख) कोडिङ्ग सहित प्राप्त उत्तरपुस्तिका पुनःकोडिङ्ग गरी परीक्षण गराउने,
(ग) परीक्षण भई प्राप्त उत्तरपुस्तिका डि-कोडिङ्ग गरी नतिजा प्रकाशनको लागि सम्बन्धित जिल्लाको समितिलाई पठाउने,

(घ) परीक्षामा एकरूपता, विश्वसनीयता, गुणस्तरीयता कायम गर्न सबै जिल्लाका परीक्षा छनोट समितिलाई समन्वय तथा परीचालन गर्ने,

(ङ) आवश्यकता अनुसार समितिले जिल्लामा सुपरीबेक्षक खटाउने,

(ङ) परीक्षा संचालनको क्रममा आइपर्ने विषयमा आवश्यक निर्देशन दिने।

८. छनौट समितिः (१) यस कार्यविधि बमोजिम कृषि/पशु सेवा प्राविधिक छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहने छः-

(क) जिल्ला स्थित कृषि ज्ञान केन्द्र र भेटरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मध्ये बरिष्ठतम कार्यालय प्रमुख वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको प्रमुख - संयोजक

(ख) जिल्ला स्थित कृषि ज्ञान केन्द्र र भेटरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख मध्ये संयोजक बाहेकको कार्यालय प्रमुख - सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) संयोजकले तोकेको सम्बन्धित कार्यालयको अधिकृत कर्मचारी - सदस्य- सचिव

(२) उपदफा (१) बमोजिमको छनौट समितिमा आवश्यकता अनुसार बढीमा चार जना सरोकारवालहरूलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र उल्लेख भएको कामका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लिखित परीक्षाको संचालन र नियमन गर्ने,

(ख) उत्तरपुस्तिकाको कोडिङ्ग-डि-कोडिङ्ग गर्ने,

(ग) कोडिङ्ग गरी उत्तर पुस्तिका परीक्षणका लागि परीक्षा समन्वय समितिमा पठाउने,

(घ) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने,

(ङ) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ता कार्यक्रम संचालन गर्ने,

(च) लिखित र अन्तरर्वाताको प्राप्ताङ्कको योगफल तयार गर्ने,

(छ) अन्तिम नतिजा प्रकाशन गरी नियुक्तिका लागि सम्बन्धित कार्यालयलाई सिफारिस गर्ने।

(४) छनोट समितिको सचिवालय संयोजक रहेको कार्यालयमा रहनेछ।

९. परीक्षा संचालन र प्रश्न पत्रको व्यवस्थाः (१) यस कार्यविधि बमोजिम लिइने लिखित परीक्षाको पाठयक्रम कृषि सेवाको (क) पशु सेवा प्राविधिकको लागिः फिसरिज, भेटरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समुह र (ख) कृषि सेवा प्राविधिकको लागिः प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ एक्टेन्सन, स्वायल साइन्स र एगृ एको एण्ड मार्केटिङ्ग समुह सहायक चौथो तह नायब प्राविधिक सहायक पद वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम लुम्बिनी प्रदेशको प्रदेश लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

(२) लोक सेवाको प्रावाधान अनुसार लिखित परीक्षाको लागि प्रशनपत्रको निर्माण र छनौट मन्त्रालयले गर्नेछ।

सुमन शर्मा रायमाझी मन्त्री

प्रदेश सरकार लुम्बिनी प्रदेश कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय बुटवल, नेपाल

सचिव

मन्त्री

(३) लोक सेवाको प्रावाधान अनुसार लिखित परीक्षा १०० अंकको हुनेछ र ५० बहुवैकल्पिक प्रश्न सोधिनेछ र लिखित परीक्षाको समयावधी ४५ मिनेटको हुनेछ।

(४) लोक सेवाको प्रावाधान अनुसार लिखित परीक्षाको अंकभार ऋणात्मक अंकभार प्रणाली अनुसार मूल्याङ्कन हुनेछ।

(५) लिखित परीक्षाको संचालन सम्बन्धित कार्यालयको सहयोगमा छनौट समितिले गर्नेछ।

(६) लिखित परीक्षा सम्पन्न भएपछि छनौट समितिले उत्तरपुस्तिका संकलन गरी कोडिङ्ग गरेर मात्रै उत्तरपुस्तिका परीक्षणका लागि मन्त्रालयमा रहेको परीक्षा समन्वय समिति समक्ष पठाउनु पर्नेछ।

(७) उत्तरपुस्तिकाको परीक्षणपूर्व उत्तर पुस्तिकाको पुनः कोडिङ्ग गरी मन्त्रालयमा रहेको परीक्षा समन्वय समितिले उत्तर पुस्तिकाको परीक्षण गराउनेछ ।

(८) परीक्षा समन्वय समितिले उत्तरपुस्तिका परीक्षण गरी मेरिटका आधारमा लोक सेवाको नर्म्स अनुसार प्राप्त नतिजा जिल्ला स्थित परीक्षा छनोट समितिलाई उपलब्ध गराउनेछ।

(९) मन्त्रालयले परीक्षा संचालन तथा नतिजा प्रकाशन कार्यमा लाग्ने प्रशासनिक खर्च स्वीकृत कार्यक्रम तथा बजेटको सीमाको परिधि भित्र रही बजेट बाँडफाँड स्वीकृत गरी प्रचलित कानून बमोजिम खर्च गर्न सक्नेछ।

(१०) परीक्षा सञ्चालनका लागि परीक्षा प्रणालीका आधारभुत मूल्य मान्यता र प्रक्रिया लागि आवश्यक क्षमता विकासका लागि लोक सेवा आयोगका विज्ञहरूको संलग्नतामा आवश्यक प्रशिक्षण गरिनेछ।

(११) यस कार्यविधि अनुसार लिइने लिखित परीक्षा निर्धारित समय तालिका बमोजिम सबै जिल्लामा एकै दिन एकै समयमा सञ्चालन गरिनेछ।

१०. **नतिजा प्रकाशनः** (१) परीक्षा समन्वय समितिबाट प्राप्ताङ्क सहित प्राप्त उत्तरपुस्तिका डि-कोडिङ्ग गरी समितिले लिखित परीक्षाको नजिता उमेदबारको नामको वर्णनाक्रम अनुसार प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको परिक्षा छनोट समितिले नतिजा प्रकाशनसँगै ७ दिन भित्र अन्तरवार्ताको समय तालिका सहित सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) छनौट समितिले लोक सेवा आयोगका अन्तर्वार्ताको नर्म्स अनुसार २० अंकमा अन्तरवार्ता लिनुपर्नेछ।

(४) छनौट समितिले अन्तर्वार्तामा प्राप्त नतिजालाई शिलबन्दी गर्नेछ ।

(५) परीक्षा समन्वय समितिबाट प्राप्त भएको लिखित परीक्षाको नतिजाको सिलबन्दी खोली प्राप्त भएको अंकभार र उपदफा (४) बमोजिमको प्राप्त अन्तर्वार्ताको नतिजाको शिलबन्दी खोली परीक्षार्थीले दुबै परीक्षाबाट प्राप्त गरेको अंकभार जोडी एकमुष्ट प्राप्तांक मेरिटका आधारमा छनोट समितिले अन्तिम नतिजा तयार गर्नेछ।

(६) छनौट समितिले लिखित र अन्तरर्वाताको प्राप्ताङ्कको आधारमा छनौट भएका उम्मेद्वार र वैकल्पिक उम्मेद्वारको योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ र सोको जानकारी सोही दिन परीक्षा समन्वय समिति समक्ष पेश गर्नुपर्नेछ।

(७) सिफारिस भएको उम्मेद्वारले पन्ध्र दिन भित्र करार सेवाको नियुक्ति लिनुपर्नेछ। कुनै कारणवस् पन्ध्र दिन भित्र नियुक्ति नलिएमा सम्बन्धित कार्यालयले योग्यताक्रमको आधारमा वैकल्पिक उम्मेदवारलाई सेवा करारका लागि नियुक्त गर्न सक्नेछ साथै सेवा करारमा नियुक्ति लिएको उम्मेदवारले



प्रदेश सरकार
लुम्बिनी प्रदेश
सचिव

नियुक्ति लिई एक वर्षभित्र काम छाडेमा योग्यताक्रमको आधारमा वैकल्पिक उम्मेदवारलाई सेवा करारका लागि नियुक्त गर्न सकिनेछ।

११. **पारिश्रमिक सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम सेवा करार गरिएको कृषि/पशु सेवा प्राविधिकको पारिश्रमिक नेपाल कृषि सेवाको चौथो तह श्रेणीको नायव प्राविधिक सहायक पदले पाउने शुरु तलब स्केल बराबरको हुनेछ।

१२. **प्राविधिकको सेवा शर्त र कार्यविवरण:** (१) प्राविधिकको सेवा शर्त नियुक्ति र सम्झौता पत्रमा उल्लेख भए बमोजिमको हुनेछ।

(२) प्राविधिकले सम्पादन गर्नुपर्ने कार्यविवरण अनुसूची (३) बमोजिम हुनेछ ।

१३. **प्रचलित कानून लागू हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **वाधा अड्काउ फुकाउने:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा मन्त्रालयको निर्णय बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम कर्मचारी छनोट गर्दा कुनै द्विविधा भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

१५. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

सूचनाको ढाँचा

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

मुकामः बुटवल, नेपाल

सुमन शर्मा रायमाझी
मन्त्री

## नायव प्राविधिक सहायक पद (सेवा करार) मा दरखास्त आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०७.../.......

यस कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको "स्थानीय तहहरूमा प्राविधिक कर्मचारी करार" कार्यक्रमको लागि नायव प्राविधिक सहायक चौथो तह सरहको पदमा सेवा करारमा काम गर्न चाहने योग्यता पुगेका नेपाली नागरिकले विज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेख भए बमोजिमको दरखास्त दस्तुर सहित फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम मन्त्रालयको वेवसाइट ञ्यबिआगिदष्लषनयखालउ र सम्बन्धित कार्यालयको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।

| विज्ञापन नं. | सेवा/समूह | माग पद संख्या | काम गर्नुपर्ने जिल्ला | दरखास्त पेश गर्ने कार्यालय |
|---|---|---|---|---|
| १/२०७....../.... | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(१) प्राविधिक सेवा करारमा नियुक्तिको लागि उम्मेदवारको न्युनतम योग्यताः (१) प्राविधिक सेवा करारमा नियुक्तिका लागि देहायको व्यक्ति योग्य मानिनेछन्ः-

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ४५ वर्ष उमेर ननाघेको,

(ग) कृषि प्राविधिकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे. टि. ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी. एस. एल. सी. उत्तीर्ण वा सो सरह उतिर्ण।

(घ) पशु प्राविधिकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस एल सी उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे. टि. ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टी. एस. एल. सी. उत्तीर्ण वा सो सरह उतिर्ण।

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

प्रदेश सरकार लुम्बिनी प्रदेश कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय नेपाल

सचिव

मन्त्री

नोटः ग्रेडिङ्ग प्रणाली लागू भए पश्चात् प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA २ वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हाँसिल गरेको मानिनेछ। न्युनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता भएका उम्मेदवारहरुको हकमा प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र CGPA १.६ प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हाँसिल गरेको मानिनेछ ।

(२) दरखास्त दस्तुर र दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः

१. उम्मेद्वारले तोकिएको बैंकमा दरखास्त दस्तुर वापत रु. ३०० (तीन सय मात्र) जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

२. दरखास्त साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछः-

(क) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु १/१ थान।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान।

३. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु उम्मेद्वार स्वयम्ले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(३) दरखास्त दिने स्थानः सम्बन्धित कार्यालय।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल

सचिव

| |
|---|
| कार्यालय प्रयोजनको लागि<br>परीक्षार्थी संकेत नं<br>रोल नं/विज्ञपान नं/संकेत नं<br>................/................./.............. |

| |
|---|
| हालसालै खिचिएको पुरै मुखाकृति देखिने पासपोर्ट साइजको फोटो टासी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |

# अनुसूची-२

## खुला प्रतियोगितात्मक परीक्षाका लागि दरखास्त फाराम

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

### कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, मुकामः बुटवल, नेपाल

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरणः

| | | | |
|---|---|---|---|
| १ विज्ञापन नंः. | | २ .पदः | |
| ३. सेवाः | | ४. समूहः | |
| ५. तहः | | ६. किसिमः | करार सेवा। |

(ख) उम्मेदवारको वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| उम्मेद्वारको | नामथर | देवनागरीमा | | |
| लिङ्गः | | अंग्रेजिमा (ठूलो अक्षर) | | |
| नागरिकता नंः. | जारी गर्ने जिल्लाः | | मितिः | |
| स्थायी ठेगानाः | जिल्लाः | न.पा./गा.पा. | वडा नं. | |
| | टोलः | मार्ग/घर नंः. | फोन नं. | |
| पत्राचार गर्ने ठेगानाः | | | ई-मेलः | |
| बाबुको नाम थरः | | आमाको नाम थरः | | |
| बाजेको नाम थरः | | पति/पत्निको नाम थरः | | |
| जन्म मिति | (वि.स. मा) | (ई.स. मा) | हालको उमेरः वर्ष महिना दिन | |

(ग) शैक्षिक योग्यताः दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता मात्र उल्लेख गर्ने।

| आवश्यक न्यूनतम योग्यता | विश्व विद्यालय/ बोर् / तालिम दिने संस्था | शैक्षिक उपाधि/ तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मञ्जुर गर्दछु।

| | | | |
|---|---|---|---|
| उम्मेदवाको ल्याप्चे सहिछाप | दायाँ | बायाँ | |
| | | | उम्मेदवारको दस्तखत<br>मितिः |
| **कार्यालयको कर्मचारीले भर्ने** | | | |
| रसिद/भौचर नंः. | | रोल नंः. | |
| दरखास्त अस्वीकृत भए सोको कारणः | | | |
| दरखास्त रुजु गर्नेको दस्तखतः<br>मितिः | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखतः<br>मितिः | |

द्रष्टव्यः दरखास्त साथ विज्ञापनमा उल्लेखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सोको प्रतिलिपि,

(३) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(४) सेवा सम्बन्धी ऐन/नियमावलीमा तोकिएको भए सम्बन्धित व्यवसायिक परिषद्मा नाम दर्ता भएको प्रमाणको प्रतिलिपि।

प्रदेश सरकार
लुम्बिनी प्रदेश

सचिव

## उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–

१. परिक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र विना परिक्षामा सम्मिलित गराइने छैन। परिक्षार्थीले प्रवेशपत्रका साथै नागरिकताको प्रमाणपत्र वा सरकारी निकायले जारी गरेको फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा ल्याउनु पर्ने छ।

२. परिक्षा हल भित्र झोला किताव कापी कागजपत्र मोबाइल स्मार्ट घडी वा इलेक्ट्रोनिक साधन निषेत्र गरिएको छ। साथै परिक्षा हलमा उम्मेदवारले आपसमा कूराकानी र संकेत समेत गर्नु हुँदैन।

३. लिखित परिक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउन अनिवार्य छ।

४. परीक्षा शुरु हुनुभन्दा ३० मिनेट अगाडी घण्टीद्वारा सुचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेटपछि आउने उम्मेदवार भित्र प्रवेश गर्न पाउने छैन। साथै परीक्षा हलमा प्रवेश गरी परीक्षा शुरु भएको २५ मिनेट पछाडी मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर अनुमति दिइनेछ।

५. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निस्काशन गरी तुरुन्त कानून बमोजिम कारवाही गर्ने छ र त्यसरी निस्काशन गरिएको उम्मेद्वारको स्व विज्ञापनको परीक्षा स्वतह रद्द भएको मानिनेछ।

६. विरामी भएको उम्मेद्वारलाई परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुने छैन।

७. परीक्षार्थीले परीक्षामा कालो मसी भएको कलम मात्र प्रयोग गर्नुपर्नेछ।

८. परीक्षार्थीले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नुपर्नेछ।

९. सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।

१०. उम्मेद्वारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नपत्रको Key उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतह रद्द हुनेछ।

११. वस्तुगत परीक्षामा क्यालकूलेटर प्रयोग गर्न पाइने छैन।

१२. कुनै उम्मेद्वारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नुपर्दा परीक्षामा सम्मिलित अन्य उम्मेद्वारलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नुपर्नेछ।

### कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
### बुटवल ,नेपाल
### प्रवेश पत्र

सुमन शर्मा रायमाझी
मन्त्री

हालसालै खिचिएको पुरै मुखाकृति देखिने पासपोर्ट साइजको फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

| परीक्षार्थीले भर्ने:- | | |
|---|---|---|
| क सेवा-: | | |
| ख समूह-: | | |
| ग पद-: | | |
| घ तह-: | | |
| ङ किसिमः | करार सेवा | |
| च परीक्षा केन्द्र-: | | |
| छ उम्मेदवारको | नाम, थर-: | |
| | दस्तखत-: | |

कार्यालयको कर्मचारीले भर्ने-:

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईंलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र-:

रोल नम्बर-:

.....................................

(अधिकृतको दस्तखत)

*द्रष्टव्य -: कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नुहोला।*

---

## उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–

१. परिक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र विना परिक्षामा सम्मिलित गराइने छैन। परिक्षार्थीले प्रवेशपत्रका साथै नागरिकताको प्रमाणपत्र वा सरकारी निकायले जारी गरेको फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा ल्याउनु पर्ने छ।

२. परिक्षा हल भित्र झोला किताव कापी कागजपत्र मोबाइल स्मार्ट घडी वा इलेक्ट्रोनिक साधन निषेत्र गरिएको छ। साथै परिक्षा हलमा उम्मेदवारले आपसमा कूराकानी र संकेत समेत गर्नु हुँदैन।

३. लिखित परिक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउन अनिवार्य छ।

४. परीक्षा शुरु हुनुभन्दा ३० मिनेट अगाडी घण्टीद्वारा सुचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेटपछि आउने उम्मेदवार भित्र प्रवेश गर्न पाउने छैन। साथै परीक्षा हलमा प्रवेश गरी परीक्षा शुरु भएको २५ मिनेट पछाडी मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर अनुमति दिइनेछ।

५. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निस्काशन गरी तुरुन्त कानून बमोजिम कारवाही गर्ने छ र त्यसरी निस्काशन गरिएको उम्मेद्वारको स्व विज्ञापनको परीक्षा स्वतह रद्द भएको मानिनेछ।

६. विरामी भएको उम्मेद्वारलाई परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुने छैन।

७. परीक्षार्थीले परीक्षामा कालो मसी भएको कलम मात्र प्रयोग गर्नुपर्नेछ।

८. परीक्षार्थीले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नुपर्नेछ।

९. सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।

१०. उम्मेद्वारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नपत्रको Key उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतह रद्द हुनेछ।

११. वस्तुगत परीक्षामा क्यालकूलेटर प्रयोग गर्न पाइने छैन।

१२. कुनै उम्मेद्वारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नुपर्दा परीक्षामा सम्मिलित अन्य उम्मेद्वारलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नुपर्नेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

### कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
### बुटवल ,नेपाल
### प्रवेश पत्र

हालसालै खिचिएको पुरै मुखाकृति देखिने पासपोर्ट साइजको फोटो टासी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

| परीक्षार्थीले भर्ने:- | | |
|---|---|---|
| क सेवा-: | | |
| ख समूह-: | | |
| ग पद-: | | |
| घ तह-: | | |
| ङ किसिमः | करार सेवा | |
| च परीक्षा केन्द्र-: | | |
| छ उम्मेदवारको | नाम, थर-: | |
| | दस्तखत-: | |

कार्यालयको कर्मचारीले भर्ने-:

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईंलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ

परीक्षा केन्द्र-:

रोल नम्बर-:

.....................................

(अधिकृतको दस्तखत)

*द्रष्टव्य -: कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नुहोला।*

सचिव

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
मुकामः बुटवल नेपाल
उम्मेदवारहरुले अनिवार्य रुपमा आफैले निम्न विवरणहरु स्पष्ट बुझिनेगरी उल्लेख गर्नु होला।
(सम्बन्धित विकल्पको क्रमसंख्यामा गोलो) ० (चिन्ह लगाउनुहोस्।

सुमन शर्मा रायमाझी
मन्त्री

१. उम्मेदवारको व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| क | उम्मेदवारको | नेपालको राष्ट्रिय परिचय वा नागरिकता नं..................:<br>नाम ,थर..................... ...................... ........<br>(पहिलो नाम) (बीचको नाम (अन्तिम नाम अर्थात् थर) |
| ख | जात लेख्नुहोस् | ................................................ |
| ग | जन्म स्थान र स्थायी ठेगाना | जन्म स्थानः जिल्ला ............गा.पा. वा न.पा.................<br>स्थायी ठेगानाः जिल्ला ......... गा.पा. वा न.पा.................. |
| घ | दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेरः वर्ष.............महिना.........दिन............ | |
| ङ | लिङ्ग | १ .पुरुष २ .महिला |
| च | धर्म | १ .हिन्दु २ .बौद्ध ३ .ईस्लाम ४ .ईसाई ५ . (अन्य )उल्लेख गर्ने.... |
| छ | वैवाहिक स्थितिः | १ .विवाहित २ .अविवाहित ३ .विधुवा/विधुर ४ . अलग भई बसेको |
| ज | तपाई आफूलाई के भन्न रुचाउनु हुन्छ?<br>१ .हिमाली २ .पहाडी ३ .तराई<br>४ .पिछडिएको क्षेत्र ५ .अन्य भए उल्लेख गर्न......... | |
| झ | तपाई आफूलाई कुन समूह/वर्गमा राख्नु हुन्छ?<br>१ .ब्राह्मण २ .क्षेत्री ३ .वैश्य ४ .आदिवासी/जनजाति<br>५. दलित ६ .मधेसी ७ .मुसलमान ८ .अन्य भए उल्लेख गर्न................. | |
| ञ | उम्मेदवारको रोजगारीको अवस्थाः | १. वेरोजगार २ .सरकारी सेवा ३ .अन्य पेशा उल्लेख गर्न........ |
| ट | मातृभाषाः (लेख्नुहोस) | ................................................ |
| ठ | शारीरिक रुपमा अशक्त हुनु हुन्छ? १ .छु २ .छैन<br>यदि हुनुहुन्छ भने कस्तो प्रकारको शारीरिक अशक्तता हो खुलाउनु होला........................ ? | |
| ड | शैक्षिक संकायः<br>(कुनै एकमा मात्र चिन्ह लगाउनु होला) | १ .मानविकी २ .कानून ३ .व्यवस्थापन<br>४ .शिक्षा ५ .विज्ञान ६ .ईन्जिनियरिङ्ग ७ .चिकित्सा<br>८ .कृषि ९ .वन १० .संस्कृत ११ .अन्य कुनै भए उल्लेख गर्ने.................. |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशतः .......... र श्रेणी........ | |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताः | १.छ , तह उल्लेख गर्ने............<br>२ .छैन |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
मुकामः बुटवल, नेपाल



सचिव

| | | |
|---|---|---|
| ढ | तपाईले अध्ययन गरेको शिक्षण संस्था कस्तो प्रकारको हो?<br>SLC, O-Level, A-Level वा +2 पढेको विद्यालयः<br>विश्वविद्यालयः<br>विश्वविद्यालयको नाम लेख्नुहोस् | १ .सामुदायिक सरकारी २ .संस्थागत निजी ३ .विदेशी<br><br>१ .सामुदायिक सरकारी २ .संस्थागत निजी ३ .विदेशी<br>------------------------------------ |

माथि उल्लेखित विवरणहरु ठीक छन्।

उम्मेदवारको दस्तखत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल

सचिव

सुमन शर्मा रायमाझी
मन्त्री

सुमन शर्मा रायमाझी
मन्त्री

अनुसूची-३

## नायव प्राविधिक सहायक (चौथो तह) को कार्यविवरणको ढाँचा

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

### (क) कृषि सेवा तर्फको नायव प्राविधिक सहायकको कार्यविवरण

- ✓ सम्बन्धित कार्यालयले तोकेको स्थान वा स्थानीय तहमा खटिई कार्य संचालन गर्ने।
- ✓ सम्बन्धित कार्यालयबाट उपलब्ध भएको कार्ययोजना अनुसार कार्यक्रम संचालन गरी कार्यालयलाई मासिक रुपमा रिपोटिङ्ग गर्ने।
- ✓ स्थानीय तहमा प्रदेश सशर्त बजेट मार्फत संचालनमा आएका कृषि विकास कार्यक्रमलाई सरल, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सहयोग गर्ने।
- ✓ सम्बन्धित जिल्लाको वार्षिक स्वीकृत कार्यक्रमहरुको बारेमा कृषकहरुलाई जानकारी दिनुका साथै स्थापित मान्य कृषि प्रविधिहरुको बारेमा स्थानीय तहमा प्रचार प्रसार गर्ने।
- ✓ स्थानीयस्तरमा कृषि विकास कार्यक्रमको पहुँच बढाउने।
- ✓ स्थानीय समस्यामा आधारित स-साना अध्ययन तथा भ्यालिडेसन परीक्षण संचालन गर्ने।
- ✓ आवश्यकताका आधारमा सम्बन्धित कार्यालयबाट संचालित कार्यक्रम (सामग्री आपुर्ती, उत्पादन, उत्पादनोपरान्त व्यवस्थापन एवं बजारीकरण) को स्थलगत अनुगमन तथा निरिक्षण गरी कार्यालयलाई आवश्यक प्राविधिक प्रतिवेदन पेश गर्ने।
- ✓ कार्य क्षेत्रभित्रका कृषकहरुलाई जिल्लाको स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रस्ताव तथा व्यवसायिक योजना तयार गर्न आवश्यक सहयोग गर्ने।
- ✓ स्थानीय तहमा कृषि शाखासँग समन्वय गरी कृषि सम्बन्धी तथ्याङ्क संकलन तथा अद्यावधिक गरी सम्बन्धित कार्यालयलाई रिपोटिङ्ग गर्ने।
- ✓ प्राकृतिक प्रकोप (आगलागी, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, महामारी) को समयमा सम्बन्धित कार्यालयले तोकेको क्षेत्रमा खटिई उद्धार कार्यमा संलग्न हुनुका साथै क्षतिको विवरण संकलनमा सहजिकरण गर्ने।
- ✓ गुणस्तरीय मल, बीउ विजन तथा विरुवाको आपूर्ति व्यवस्थापन तथा नियमन कार्यमा सहजिकरण गर्ने।
- ✓ माटो तथा मल, बाली संरक्षण र बीउविजन परीक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा संचालनमा सहजिकरण गर्ने।
- ✓ कृषि विमा सम्बन्धी योजनाको कार्यान्वयनमा सहजिकरण गर्ने।
- ✓ कृषि सूचना केन्द्रको विकास र व्यवस्थापनमा सहजिकरण गर्ने।
- ✓ कार्य क्षेत्र भित्र बाली बस्तु विशेषका घुम्ती शिविर र बाली कटानी कार्य संचालन गर्ने।
- ✓ कार्यालयले तोकेको कमाण्ड क्षेत्रभित्र रहेका कृषि उद्यमी/कृषक समूह/कृषि फर्म/कृषि सहकारी/कृषिसँग सम्बन्धित गैर सरकारी संस्थाहरुको विवरण तयार गरी रोष्टर बनाउने।
- ✓ कार्यक्षेत्र भित्र कृषि प्रसार तथा प्रविधि विस्तारमा संलग्न सरोकारवालाहरुसँग यथोचित समन्वय र सहकार्य गर्ने।
- ✓ कार्यक्षेत्र भित्रका कृषक समूह, समिति गठन र परिचालन तथा कार्यक्रम संचालनमा सहयोग गर्ने।

### (ख) पशु सेवा तर्फ नायव प्राविधिक सहायकको कार्य विवरण

- ✓सम्बन्धित कार्यालयले तोकेको स्थान वा स्थानीय तहमा खटिई कार्य संचालन गर्ने।
- ✓सम्बन्धित कार्यालयबाट उपलब्ध भएको कार्ययोजना अनुसार कार्यक्रम संचालन गरी कार्यालयलाई मासिक रुपमा रिपोटिङ्ग गर्ने।
- ✓स्थानीय तहमा प्रदेश सशर्त बजेट मार्फत संचालनमा आएका पशु विकास कार्यक्रमलाई सरल, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सहयोग गर्ने।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम: बुटवल, नेपाल

सचिव

- ✓सम्बन्धित जिल्लाको वार्षिक स्वीकृत कार्यक्रमहरुको बारेमा कृषकहरुलाई जानकारी दिनुका साथै स्थापित मान्य पशुसँग सम्बन्धित प्रविधिहरुको बारेमा स्थानीय तहमा प्रचार प्रसार गर्ने।
- ✓स्थानीयस्तरमा पशु विकास कार्यक्रमको पहुँच बढाउने।
- ✓स्थानीय समस्यामा आधारित स-साना अध्ययन तथा भ्यालिडेसन परीक्षण संचालन गर्ने।
- ✓आवश्यकताका आधारमा सम्बन्धित कार्यालयबाट संचालित कार्यक्रम (सामग्री आपुर्ती, उत्पादन, उत्पादनोपरान्त व्यवस्थापन एवं बजारीकरण) को स्थलगत अनुगमन तथा निरिक्षण गरी कार्यालयलाई आवश्यक प्राविधिक प्रतिवेदन पेश गर्ने।
- ✓कार्य क्षेत्रभित्रका कृषकहरुलाई जिल्लाको स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रस्ताव तथा व्यवसायिक योजना तयार गर्न आवश्यक सहयोग गर्ने।
- ✓स्थानीय तहमा पशु शाखासँग समन्वय गरी पशु सम्बन्धी तथ्याङ्क संकलन तथा अद्यावधिक गरी सम्बन्धित कार्यालयलाई रिपोटिङ्ग गर्ने।
- ✓प्राकृतिक प्रकोप (आगलागी, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, महामारी) को समयमा सम्बन्धित कार्यालयले तोकेको क्षेत्रमा खटिई उद्धार कार्यमा संलग्न हुनुका साथै क्षतिको विवरण संकलनमा सहजिकरण गर्ने।
- ✓खोप, रोग निदान, औषधी-उपचार, नश्ल सुधारका लागि ब्रिड, घाँसेबाली बिउविजनको आपूर्ति व्यवस्थापन तथा नियमन कार्यमा सहजिकरण गर्ने।
- ✓गोबर, पिसाब, रगत, सेरम संकलन गरी परीक्षण गर्ने तथा तालुक निकायमा नमुना प्रेषण गर्ने।
- ✓पशुपन्छी तथा मत्स्य विमा सम्बन्धी योजनाको कार्यान्वयनमा सहजिकरण गर्ने।
- ✓कार्य क्षेत्र भित्र पशु सेवा घुम्ती शिविर र घरदैलो पशु सेवा उपचार, कृत्रिम गर्भाधान कार्य संचालन गर्ने।
- ✓कार्यालयले तोकेको कमाण्ड क्षेत्रभित्र रहेका पशुपन्छी तथा मत्स्यपालन उद्यमी/कृषक समूह/पशुपन्छी तथा मत्स्य फर्म/कृषि सहकारी/पशुपन्छीसँग सम्बन्धित गैर सरकारी संस्थाहरुको विवरण तयार गरी रोष्टर बनाउने।
- ✓कार्यक्षेत्र भित्र पशु सेवा प्रसार तथा प्रविधि विस्तारमा संलग्न सरोकारवालाहरुसँग यथोचित समन्वय र सहकार्य गर्ने।
- ✓कार्यक्षेत्र भित्रका कृषक समूह, समिति गठन र परिचालन तथा कार्यक्रम संचालनमा सहयोग गर्ने।

प्रदेश सरकार
लुम्बिनी प्रदेश

सचिव

सुमन शर्मा रायमाझी
मन्त्री